प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

बागमती प्रदेश

प. सं. : २०७६/०७७

च. नं. : ५१३

हेटौंडा, मकवानपुर, नेपाल

मितिः २०७६।१२।०२

विषयः कार्यालयको नाम, लेटरप्याड र छाप सम्बन्धमा ।

श्री पूर्वाधार विकास कार्यालयहरु, सबै ।
श्री प्रादेशिक सडक डिभिजन कार्यालयहरु, सबै ।

उपरोक्त विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६।१०।२८ गतेको प्रदेश राजपत्रमा **"प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश अन्तरगतका सबै निकायहरुको कार्यालयको नाम, लेटर प्याड र कार्यालयको छापमा एकरुपता ल्याउन मिति २०७६।१०।२८ को निर्णयानुसार"** सूचना प्रकाशन भएको छ । सोहि बमोजिम गर्नु गराउनुहुन यो परिपत्र गरिएको व्यहोरा अनुरोध छ । साथै सो सूचनाको प्रदेश राजपत्र यस निर्देशनालयको वेवसाइटमा अपलोड गरिएको छ ।

डा. सहदेव बहादुर भण्डारी
निमित्त निर्देशक

नि. निर्देशक

प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, माघ २८ गते, २०७६ साल (अतिरिक्ताङ्क ३६

भाग ४

प्रदेश सरकार

बागमती प्रदेश, हेटौंडा

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश अन्तर्गतका सबै निकायहरुको कार्यालयको नाम, लेटर प्याड र कार्यालयको छापमा एकरुपता ल्याउन मिति २०७६।१०।२८ मा देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. प्रदेश अन्तर्गतका सबै निकायहरुको कार्यालयको नाम, लेटर प्याड र कार्यालयको छापमा साविकमा रहेको प्रदेश नं. ३ को सट्टा "बागमती प्रदेश" उल्लेख गर्ने।

२. मन्त्रालय/कार्यालयको लेटर प्याडमा कालीमाटी (Unicode Bold Font) प्रयोग गर्ने, लेटर प्याडको माथिल्लो भागमा लेखिने प्रदेश सरकारको फन्ट साईज १२, मन्त्रालयको लेटर प्याडको हकमा मन्त्रालयको नामको फन्ट साईज २०, कार्यालयको हकमा तालुक मन्त्रालयको नामको फन्ट साईज १४ र कार्यालयको नामको फन्ट साईज २० हुने र सो भन्दा तल लेखिने बागमती प्रदेशको फन्ट साईज १६ हुने तथा कार्यालयको ठेगाना लेटर प्याडको दायाँ कुनामा १० फन्ट साईजमा र कार्यालयको फोन नं. एवम् इमेल ठेगाना लेटर प्याडको पुच्छारमा १० फन्ट साईजमा लेख्ने।

३. देहायको नमूना बमोजिमको कार्यालयको छाप कार्यान्वयनमा ल्याउने।

छापको नमूना

आज्ञाले,

मधुसुदन बुर्लाकोटी

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-